# बुढीनन्दा नगरपालिकाको स्वास्थ्य नीति २०८१

## १. पृष्ठभूमिः

आम नागरिकको स्वास्थ्य पनि विकासको एउटा प्रमुख विषय हो र स्वास्थ्य क्षेत्रका प्रगतिलाइ पनि विकासका प्रमुख सूचकाङ्कहरुको रुपमा लिइन्छ । विकासको लागि नागरिक स्वस्थ्य हुनु अपरिहार्य छ तसर्थ स्वास्थ्य र विकासबिच अन्योन्यायश्रित सम्बन्ध हुन्छ । न्यून श्रोत साधनका बाबजुद संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि मौलिक अधिकार नगरवासीलाई सुनिश्चित गर्न यस नगरपालिकाको प्रयास रहेको छ ।

नेपालको संविधान २०७२ले स्वास्थ्य सम्बन्धि हकलाई मौलिक हकका रुपमा स्थापित गरेको अवस्थामा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने अधिकार सुनिश्चित गरेको अवस्थामा बुढीनन्दा नगरपालिकालाई स्वास्थ्य सेवामा समान रुपमा सम्पूर्ण नगरबासीमाझ पहुँच पुऱ्याउन अपरिहार्य भएको छ । यस सन्दर्भमा संविधानले सुनिश्चित गरेको स्वास्थ्य सेवा प्रवाह गर्दा महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको स्वास्थ्य सम्बन्धि मौलिक हकलाई पनि सुनिश्चित गर्न आवश्यक छ ।

स्वास्थ्य सूचकहरुका आधारमा यस नगरपालिकाका गरिब तथा दूरदराजका नागरिकहरु गुणस्तरीय स्वास्थ्य सेवाको दायरा भित्र अझै आउन बाँकी छ । स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच गराउन उपलब्ध साधन श्रोतको अधिकतम परिचालन गरी स्वास्थ्य प्रणालीको विकास, विस्तार तथा सुदृढिकरण गरेर आइपर्ने चुनौतीको लागि तत्पर बनाएर सम्पूर्ण नागरिकको प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक स्वास्थ्यको सुनिश्चितता गर्न बुढीनन्दा नगरपालिकाको स्वास्थ्य निति २०८१ तयार पारी लागु गरिएको छ ।

## २. नीतिगत सन्दर्भः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भईसकेपश्चात आधारभूत स्वास्थ्य सेवा तथा सरसफाइलगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न काम कर्तव्य र अधिकार स्थानीय तहलाई रहेका छन् । स्वास्थ्य सेवा दिन कतिपय अधिकारहरु स्थानीय सरकारका एकल अधिकारका रुपमा र कतिपय साझा अधिकारका रुपमै उल्लेख गरेको सन्दर्भमा सिमित श्रोतसाधनको उपलब्धताकै बिचमा नगरपालिकाले आफ्ना नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने अवस्था रहेको छ । संघीय सरकार तथा सुदुर पश्चिम प्रदेश सरकारको स्वास्थ्य ऐन तथा नीतिहरु जारी भइसकेको सन्दर्भमा राष्ट्रिय स्वास्थ्य नीति २०७६, प्रदेश स्वास्थ्य नीति २०७८,ले संघीय र प्रादेशिक संरचना अनुसार स्वास्थ्य प्रणालीको बिकास गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच  सुनिश्चित गर्ने, स्वास्थ्य सेवालाई एकिकृत रुपमा विकास गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी, निजि तथा गैरसरकारी क्षेत्रबिच सहकारी र साझेदारी प्रबर्द्धन गर्ने निति लिएका छन् । यस नगरपालिकामा स्वास्थ्य तथा सरसफाइ ऐन, २०८० जारी गरी लागु गरिसकेको छ र वडासम्मै एक आधारभुत अस्पताल, तीन स्वास्थ्य चौकी, एक शहरी स्वास्थ्य केन्द्र, आठ आधारभूत स्वास्थ्य सेवा केन्द्र, एक आयुर्वेद औषधालय, अठार खोप केन्द्र र सैंतीस महिला स्वास्थ्य स्वयम सेविकाहरुद्वारा नियमित स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । यस नगरपालिकामा उपलब्ध सिमित श्रोत सामाग्रीका बाबजुद परेका   वञ्चितिकरणमा परेका दुर्गम क्षेत्रका, गरिब, लक्षित उमेरसमूहका, शारीरिक तथा मानसिक रुपमा अशक्त नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गरिदै आएको भएता पनि भौगोलिक अवस्था, यातायातको पहुँच, सामाग्री तथा पूर्वाधारको कमीका कारण सेवाको पहुँचमा असमानता विद्यमान छ ।

## ३. विद्यमान स्थितिः

बुढीनन्दा नगरपालिको बाजुरा जिल्लाको दक्षिण पूर्वी भेगमा पर्ने २३२.४ वर्गमिटर क्षेत्रफलको स्थानीय निकाय हो । यस नगरपालिकाको सबैजसो भूभाग महाभारत क्षेत्रको हिमाल तथा पहाडमै पर्ने हुनाले पहिरो, ढोल ढुङ्गाले पार्ने क्षति तथा बड्डीगााड, खुल्मीखोला र धुपेखोला पनि बर्षायाममा जनधनका लागि प्रभावित पुऱ्याउछन् । राष्ट्रिय जनगणना अनुसार कुल साक्षारता ६९.२ प्रतिशत भएको यस स्थानीय निकायको औषत परिवारको आकार ४.८ रहेको तथा लैङ्गिक  अनुपात ९५.१ प्रतिशत छ । यस नगरपालिकाको जनघजत्व ८६ प्रति घनमिटर तथा जनसंख्या बृद्धिदर ०.६४ प्रतिशत मात्र भएपनि बाल तथा किशोरावस्थामा विवाह हुने र कम उमेरमै गर्भाधान हुने ससस्या छ । परिवार नियोजनका साधनको उपलब्धता तथा किशोर किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्यको पर्याप्त चेतना तथा व्यवहार परिवर्तन सम्बन्धि कार्यक्रमको अभावमा कम तौलको बच्चा जन्माउने, बालबालिकामा कुपोषण तथा बाल मृत्यु र मातृमृत्युमा टेवा पुऱ्याएको छ । किशोर किशोरी, युवा तथा महिलामा मनोसामाजिक समस्या बृद्धि हुँदै गर्दा नगरपालिकामा दक्ष स्वास्थ्यकर्मीको अभाव, मापदण्ड अनुरुपको पूर्वाधारको कमी र रुढिबादि चालचलनले गर्दा स्वास्थ्य संस्थाहरुमा सेवाग्राहीको पहुँच हुन सकेको छैन ।

| सिनं. | सुचकहरू | बाजुरा जिल्लाको तथ्याङ्क | बुढीनन्दा नगपालिकाको तथ्याङ्क | | | दिगो बिकास लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | | |
| १. | नवजात शिशु मृत्यु संख्या | ०.२१ | ० | ० | ३ | <१२प्रति हजार | |
| २. | संस्थागत प्रशुतीको प्रतिशत | ६२.८ | ७६ | १०५ | ९२.९ | ९० | |
| ३. | मातृ मृत्यु संख्या | १ | ० | ० | १ | <७० प्रति लाख | |
| ४. | जन्मदा कम तौल भएर जन्मिएका बच्चाहरूको प्रतिशत | ५.७ | १३.०४ | ८.११ | ८.६७ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७७.२ | ९८ | ७२ | ८९.९ | ९० | |
| ६. | कम्तीमा एक पटक गर्भ जाँच गर्ने गर्भवति महिलाको प्रतिशत | ७७.७ | १००.१ | ८९.२ | ९१.७ | ९० | |
| ७. | प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गराएका महिलाहरुको प्रतिशत | ७४ | ६०.२ | १०७.८ | ९०.३ | ९० | |
| ८. | प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच गराएका महिलाहरुको प्रतिशत | ४२ | ० | १६ | ४९ | | |
| ९. | प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराएका महिलाहरुको प्रतिशत | ३६.५ | १७४ | १४६ | १७१ | ९० | |
| १०. | प्रजनन उमेरका महिलाहरुमा परिवार नियोजनको साधन नयाँ प्रयोगकर्ता | १३.८ | १७.८ | २२.४ | २०.२ | | |
| ११. | क्षयरोग लाग्ने दर | | ३८ | २१ | २६ | २० प्रति लाख | |
| | | | | | | | स्रोतः एच्.एम्.आई.एस् |

**४. समस्या, चुनौती र अवसरः**

**४.१ समस्याहरुः**

- नगरपालिका भित्र प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना भएता पनि भौगोलिक बिशिष्टताका आधारमा समतामुलक हिसाबले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सबै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत  स्वास्थ्य सेवामा पहुँच पुग्न सकेको छैन ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार, जनशक्ति, औषधि उपकरणको अभाव तथा कुपोषण, विपदजन्य दुर्घटना, नसर्ने रोगको भार तथा अस्वस्थकर खानपान तथा जिवनशैलीबाट उत्पन्न जनस्वास्थ्य सम्बन्धि नयाँ बढ्दै जाने समस्याहरु विद्यमान छन् ।
- नगरपालिकास्थित स्वास्थ्य संस्थाहरुमा दरबन्दि अनुसार मानव संशाधन पदपुर्ति हुन सकेकोछैन ।
- भौगोलिक कठिनाइ तथा यातायातका साधन अनियमितता कारण औषधि तथा उपकरणको आपूर्ति श्रृङ्खला वर्षभरी नियमित रुपमा सञ्चालन गर्न नसकिइएको । औषधि भण्डारण तथा कोल्डचेनको अभावको कारण गुणस्तरीय औषधि तथा खोपको आपूर्ति र वितरण हुन सकेको छैन ।
- नगरपालिकाको गरिब, असहाय, अति दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थोपचार महँगो पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोगहरुको उपचार महँगो भई उपचार गर्न ठूलो सहरहरुमा उपचार गर्न परिवारनै गरिबीको दुष्चक्रमा फस्छन ।
- नगरपालिकाका नागरिकमा गरिबी, अशिक्षा, चेतनाको कमी, कुपोषण, स्वच्छ खानेपानी, वातावरणीय स्वच्छता र सरसफाईको समस्या रहेको छ जसकारण बेलाबखत झाडापखाला, हैजा, ज्वरो, औलो जस्ता रोगहरुको महामारी फैलने गर्दछ ।
- भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जानसमेत कठिनाई भएका कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्यजस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन सकेको छैन । सानो उमेरमै विवाह गर्नाले किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइन्छ । मातृ तथा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर तुलनात्मक रुपमा उच्च रहेको छ ।
- नगरपालिकामा जडिबुटि तथा परम्परागत उपचार पद्धतिको उपयुक्त नियमन, व्यवस्थापन र सदुपयोग पनि हुन सकेको छैन ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्योपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रबर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग, नागरिकले  पाएका स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनका सम्बन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा सुशासनका औजारहरुको  उचित व्यवस्थापन र समुचित प्रयोग हुन नसकेको अवस्थाले गर्दा आर्थिक अनियमितता, बेरुजु र जनतामा सार्वजनिक स्वास्थ्य सेवाप्रतिको असन्तुष्टि अझै कायम छ ।

**४.२ चुनौतीहरुः**

- जटिल भुगोल तथा श्रोतसाधनको सीमितताका कारण आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको विस्तार र विकास गरी पहुँच बृद्धि गर्न, तथा मातृ र बालमृत्युदर घटाउने कार्य नगरपालिकाको परिवेशमा चुनौतीपूर्ण रहेको छ ।

- विभिन्न ठाँउमा रुढिवादि चालचलन, परम्परागत धामीझाँक्री तथा छाउपडि प्रथा प्रतिको अन्धविश्वास अझैसम्म रहनाले आधुनिक चिकित्सापद्धतिप्रति पूर्णरुपमा विश्वास जगाउनुपर्ने चुनौती छ ।
- यस नगरपालिकामा प्राकृतिक प्रकोप र महामारीका बखत यातायात तथा सञ्चार अवरुद्ध हुनाले समयमै पर्याप्त औषधि तथा उपकरण पुऱ्याउन र सेवाको पहुँच कम भएका क्षेत्रमा बसोवास गर्ने नागरिकलाई सेवा उपलब्ध गराउन चुनौती छ ।
- दुर्गम क्षेत्रमा नागरिकलाई सस्तो र सुलभ मूल्यमा औषधि उपलब्ध गराउनु र औषधिको समुचित प्रयोग सम्बन्धि नियमन गर्न चुनौती छ ।
- भौगोलिक विकटता, शिक्षा र चेतनाको न्यूनस्तर, स्तरीय सडकको अभाव, अनियमित बिजुली, अनियमित मोबाइल/इन्टरनेट/टेलिफोन सेवा, शुद्ध खानेपानीको अपर्याप्तताजस्ता बाधाअड्चनहरुले आधारभूत स्वास्थ्य सेवाको समुचित व्यवस्था गर्न चुनौतीपूर्ण अवस्था सिर्जना भएको छ ।

### ४.३ अवसरहरुः

- संविधानले संघीय शासनप्रणालीमा आधारभूत स्वास्थ्य तथा सरसफाई लगायतको स्वास्थ्य सम्बन्धि बिभिन्न अधिकार स्थानीय तहमा राखेको तथा आफ्नो अधिकार क्षेत्रका विषयमा नीति, कानुन, योजना तर्जुमा र कार्यान्वयनको समेत अधिकार रहेका सन्दर्भ स्थानीय अवस्था, आवश्यकता र चुनौतीलाई सम्बोधन गर्ने स्वास्थ्य सम्बन्धि योजना कार्यान्वयन गर्ने अवसर छ ।
- नगरपालिकाको सामाजिक, सांस्कृतिक तथा भौगोलिक  विशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- नगरपालिकामा स्वास्थ्य सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा नीजि तथा गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।
- स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा बृद्धि गर्ने र एकिकृत सूचना प्रणालीलाई सुदृढिकरण गर्ने तथा सूचना प्रविधिको विद्युतीय स्वास्थ्य तथा दूरचिकित्सा जस्ता अत्याधुनिक सेवा प्रबर्द्धन गर्ने ।

## ५ निर्देशक शिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य, तथा उद्देश्यहरु

### ५.१ निर्देशक शिद्धान्त

- नेपालको संबिधान अनुसार बुढीनन्दा नगरपालिकाका नगरबासीलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु संविधान प्रदत्त मौलिक अधिकार संरक्षण गर्नु हो ।
- बुढीनन्दा नगरपालिकाले समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा सुनिश्चित गर्नु अपरिहार्य छ ।
- श्रोतको अधिकतम उपयोग गरी नगरबासीलाई स्वास्थ्य सेवा प्रदान गर्न सम्भव भएसम्म सार्वजनिक निजि साझेदारीको निति अपनाउने ।
- नगरपालिकामा रहेको आर्युवेद सेवालाई तथा बैकल्पिक चिकित्सा पद्धतिको संरक्षण, प्रबर्द्धन गर्दै बैज्ञानिक र विश्वसनीय बनाउने ।
- नगरपालिकाको स्वास्थ्य सेवालाई समानता र जवाफदेहि बनाउने र सम्पूर्ण नगरबासीको भावनालाई समेट्न सम्पूर्ण नागरिकको सहभागिता सुनिश्चितता गर्ने ।
- नगरपालिकाको स्वास्थ्य सेवामा बहुक्षेत्रीय समन्वयको सुनिश्चितता गरिनेछ र स्वास्थ्यका कार्यक्रमहरुमा अन्य सम्बन्धित क्षेत्रमा सहकार्यको अवसर खोजी गरिनेछ ।

### ५.२ भावी सोच, परिकल्पनाः

बुढीनन्दा नगरपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुनेछन ।

### ५.३ ध्येयः

उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला सम्बन्धित संघीय सरकार/मन्त्रालय, प्रदेश सरकार/मन्त्रालय, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ५.४ लक्ष्यः

समतामुलक, न्यायसंगत तथा जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट नगरपालिकाका सबै नागरिकहरुलाइ गुणस्तरीय,स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी  उपभोगमा बृद्धि गर्ने ।

### ५.५ उद्देश्यहरुः

(क) नगरपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने,

(ख) नगरपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

(ग) स्वस्थ जीवन शैली, सरसफाइ, व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा  मार्फत नगरवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने,

(घ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, ब्यावस्थापन र  अनुगमनमा जनसहभागिता  सुनिश्चित गर्ने,

(ङ) स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

**६. नीतिहरुः**

नगरपालिकाको विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्बन्धि समस्या र चुनौतिलाई सम्बोधन गर्दै यस नगरपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न देहाय बमोजिमका नीति अवलम्बन गरेको छ ।

६.१. नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह गरिने छ ।

६.२. नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।

६.३. व्यक्ति, परिवार र समाजलाई परिचालन गरी जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको रोकथाम र उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ ।

६.४.स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन जनसंख्या र भूगोलका आधारमा आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायीक स्वास्थ्य सेवा इकाई, शहरी स्वास्थ्य सेवा केन्द्रहरु बृद्धि गर्दै स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन र प्रविधि मैत्री, अपाङ्ग मैत्री स्वास्थ्य उपकरण तथा पूर्वाधारको ब्यवस्थापन गरिनेछ ।

६.५. मातृ, नवजात, शिशु र बालस्वास्थ्यमा उल्लेख्य सुधार गरि मृत्यु घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, क्षयरोग, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।

६.६. नगरपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

६.७. "स्वास्थ्य अनुसन्धान" लाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाको नीति, रणनीति र योजना बिकास गर्नका लागी प्रभावकारी रुपमा उपयोग गरिनेछ ।

६.८. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।

६.९. स्वास्थ्य सूचना प्रणाली र सुक्ष्म अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाको योजना, नीति, रणनीति बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

६.१०. नगरपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग (अति बिपन्न, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईते) को स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ ।

६.११. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवामा गुणस्तर  सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।

६.१२. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावकारी रुपमा परिचालन गरिने छ भने ठूला प्राकृतिक प्रकोपबाट उत्पन्नहुने अवस्थामा तत्काल प्रतिकार्यको लागि स्वास्थ्य संस्थालाई हरपल तयार राखिनेछ ।

६.१३. स्वास्थ्य क्षेत्रमा यस नगरपालिकाले लगानी अभिबृद्धि गर्दै संघीय सरकार सुदुर पश्चिम प्रदेश सरकार, निजी तथा दातृ निकाय लगायत अन्य लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

६.१४. जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।

६.१५. स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

६.१६. नगरपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यबर्द्धक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।

६.१७. जनसंख्या व्यवस्थापनलाई नगरपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।

६.१८. बिबिध ।

**७. नीतिअन्तर्गतका रणनीतिः**

**नीति १. नगरपालिकाका हरेक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।**

- नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईने छन ।
- नगरपालिकाका प्रत्येक वडाहरुमा न्यूनतम एक स्वास्थ्य संस्था स्थापना गरिनेछ र भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।
- नगरपालिका र अन्य स्थानीय, प्रदेश र संघीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्न, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना बनाई लागू गरिनेछ । स्वास्थ्य सेवामा दलित, हलिया, खलिया, जनजाति, पिछडा तथा आर्थिक रुपले विपन्न लैङ्गिक अल्पसंख्यक वर्ग तथा समुदायलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा दिइनेछ ।
- नगरपालिका र संघीय तहको सहकार्यमा स्वास्थ्य बिमा कार्यक्रम एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरि शत प्रतिशत जनसंस्थालाई सो कार्यक्रमबाट अधिकतम लाभ लिन उत्प्रेरित गरिने छ ।
- नगरपालिकाको स्वास्थ्य सेवालाई नेपालको संबिधान, २०७२ प्रदत्त स्वास्थ्य मौलिक हक, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ प्रदत्त एकल र साझा अधिकारलाई संस्थागत गर्न "नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समिती" रहने छ । जसमा निम्न पदाधिकारीहरुले स्वास्थ्य सम्बन्धि सम्पूर्ण योजना तर्जुमा, निर्माण, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गरी कार्यपालिकाको सामाजिक बिकास समितीमा प्रतिवेदन गर्नेछ । नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापनसमितिको काम, कर्तब्य र अधिकार स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको निर्देशिका बमोजिम हुनेछ भने सो समितिको संरचना निम्न बमोजिम रहनेछ ।
  क. नगर प्रमुख – अध्यक्ष
  ख. कार्यपालिकाले मनोनित गरेको निर्वाचित महिला मध्येबाट १ जना – उपाध्यक्ष
  ग. नगरपालिकाको शिक्षा शाखा प्रमुख – सदस्य
  घ. नगरपालिकाका स्तरीय व्यापार संधको प्रमुख – सदस्य
  ङ. कार्यपालिकाले मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला मध्येबाट १ जना – सदस्य
  च. नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत – सदस्य
  छ. कार्यपालिकाले मनोनित गरेका २ वडाध्यक्ष – सदस्य
  ज. नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव
- नगरपालिकाको स्वास्थ्यको संरचना संघिय सरकारले तोके बमोजिम हुनेछ भने आवश्यकताको आधारमा (सामाजिक बिकास समितिको सिफारिसको आधारमा) थपघट गर्न सकिनेछ ।
- नगरपालिका भित्र बसोबास गर्ने नागरिकहरुका लागी नगरपालिका स्तरीय "बिपन्न नागरिक उपचार सहायता कोष"को स्थापना तथा सञ्चालन गरिनेछ । उक्त कोष नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले प्रमाणित गरी समाजिक बिकास समितिलाई सिफारिस गर्नेछ र समाजिक बिकास समितीले प्रमाणीत गरी कार्यपालीकामा सिफारिस गर्नेछ । कार्यपालीकाले निर्णय गरेर बिपन्न नागरीक उपचार सहायता कोषको रकम न्यून आय भएका, गरिब, आफै उपचार गर्न नसक्ने, सुत्केरी, बृद्ध, ठुला वा आपतकालीन रोग लागेका बिरामीहरुको हितको लागी खर्च गर्नेछ । सो कोष मार्फत दिईने भुक्तानी सरकारी अस्पतालमा कार्यरत नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका डाक्टरहरुले दिईएको सिफारिस पत्रको आधारमा मात्र हुनेछ, निजी क्षेत्रले दिईएको सिफारिस पत्रको आधारमा हुने छैन ।

**नीति २. नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

- संघीय र सुदर पश्चिम प्रदेश सरकारसंग समन्वय गरी नगरपालिकामा २५ शैयाको विशेषज्ञ अस्पताल स्थापना तथा सञ्चालन गरिनेछ जसमा प्रशुती सेवा, सर्जरी तथा भिरबाट लड्ने तथा दूर्गम कर्णाली करिडोर सम्मका सडक दुर्घटना पिडितका निमित्त हाडजोर्नी तथा नशा रोग विशेषज्ञ सेवा पनि प्रदान गरिनेछ ।
- नगरपालिका भित्र साबिकको अस्पताललाई अझ स्तरोन्नती गरी विशेषज्ञ सेवा विस्तार गरी निदान तथा उपचार पद्धती सुदृढ गरिने छ ।
- नगरपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि सामुदायिक स्वास्थ्य इकाइ, बर्थिङ सेन्टर तथा रोमिङ अ.न.मी. अनि बिद्यालय नर्स कार्यक्रम मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।
- नाक, कान, घाँटी, दन्त, मानसिक र आँखा सम्बन्धि चिकित्सा सेवालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । नगरपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ ।
- नगरपालिका भरिका वस्तीहरुलाई एम्बुलेन्स सेवाको व्यवस्था गरि लक्षित वर्गको लागि निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

**नीति ३. व्यक्ति, परिवार र समाजलाई परिचालन गरी जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको रोकथाम र उपचारलाई आधारभूत स्वास्थ्य सेवा स्तर देखि नै व्यवस्थापन गरिनेछ ।**

- सुर्तिजन्य पदार्थ, मादक पदार्थ, लागु औषध र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहीत गरिने छ र सोको निति र निर्देशिका बनाई कार्यान्वयन गरिने छ ।
- सुर्तिजन्य पदार्थ, मादक पदार्थ, लागु औषध जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, बिक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- तोकिए बमोजिमका अवस्थाहरुको (Uterine Prolapses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear) आदी समयमा नै पहिचान गर्न नियमित तथा बिशेष शिविरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु उपलब्ध गराईनेछ ।
- बढ्दो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर (Mental Health Clinic) संचालन गरिनेछ ।
- Package of Essential Non-Communicable (PEN) Package लाई पनि, न्युनतम सबै स्थानीय तहमा लागू गरिने छ ।
- उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्बुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ ।
- स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका क्रियाकलापहरू स्थानीय निकायसंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरी संचालन गरिने छ ।
- खोपबाट बचाउन सकिने रोगहरुको नियन्त्रण, निवारण र उन्मूलनका, लागि निगरानी कार्य गरिनेछ, नगरपालिकालाई सधै पूर्णखोप सुनिश्चित नगरपालिकाको सुचिमा राखिनेछ ।

**नीति ४. नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।**

- नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन सेवाको व्यवस्था गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सामुदायिक स्वास्थ्य ईकाई, शहरी स्वास्थ्य केन्द्रहरु स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार ५ बर्ष भित्र क्रमागत रुपमा व्यवस्था गरिने छ ।
- नगरपालिकामा मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरीङ प्रयोगशाला, MDR क्षयरोग होस्टेल लाई क्रमशः स्थापना गरि व्यवस्थित रुपमा संचालन गरिनेछ ।
- प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान सुरु गरि क्रमागत रुपमा बिस्तार गरिने छ ।
- नया संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरि निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्प दंश भेनम, एच.आइ.भी, क्षय कुष्ठ रोग आदिको औषधीको प्रभावकारी आपूर्ति व्यवस्थापन चुस्त स्फूर्त राखिनेछ ।
- नगरपालिकामा आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**नीति ५. मातृ, नवजात, शिशु र बालस्वास्थ्यमा उल्लेख्य सुधार गरि मृत्यु घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, क्षयरोग, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याइने छ ।**

- राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार नगरपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई वडासंग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ ।
- स्वस्थ विद्यालय बाताबरण, विद्यालय पोषण (दिवा खाजा), जुकाको औषधी, स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई अझ प्रभाबकारी बनाउनका लागि विद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।
- मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरि आवधिक कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ ।
- सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।
- बर्थिङ सेन्टरहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन श्रोत सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात कर्नर (Stablization center, Specialized Newborn Care Unit/Newborn Intensive Care Unit) को सुबिधा उपलब्ध गराइनेछ ।

- नवजात शिशु तथा बाल रोगको एकिकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको आपतकालिन स्वास्थ्य पूर्व तयारी योजनामा मातृ, नवजात शिशु र बालबालिकाको स्वास्थ्य सेवाको निरन्तरतालाई प्राथमिक स्वास्थ्य सेवाको अवयबको रुपमा लिइनेछ ।
- नगरपालिकामा बसोबास गर्ने विशेष गरी धामीझाक्रिहरु र अन्य परम्परागत सेवा प्रदायकहरुलाई आधारभुत स्वास्थ्य सेवाको तालिम दिने र तिनिहरुको सेवाग्राहीलाई स्वास्थ्य संस्था सम्म ल्याउने व्यवस्था गरिनेछ ।

**नीति ६. नगरपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।**

- विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार हुने गरी यस नगरपालिका स्तरीय आवधिक स्वास्थ्य जनशक्ति गुरुयोजना निर्माण गरि लागू गरिनेछ र संस्थाहरुमा भएको जनशक्तिको व्यवस्थापनलाई पुनरावलोकन गरि आवश्यकता अनुसार कर्मचारीको यसै नगरपालिका भित्र सरुवा, काज वा व्यवस्थापन गरिने छ ।
- बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ । आवश्यकता अनुसार करार, स्वेक्षिक स्वंमसेवक वा स्वयम सेविका, ओ.जे.टी. हरुलाई पनि व्यवस्थापन गरिने छ ।
- जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा यस नगरपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई टिकाउनका लागि बिभिन्न कार्यक्रम गरि प्रोत्साहित गरिनेछ र कार्यसम्पादन मुल्याङ्कनको आधारमा सुधार गर्ने, नसिहत दिने र दण्डित समेत गरिने छ ।
- नगरपालिकाको स्वास्थ्य शाखाले नगर भित्र कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुको व्यक्तिगत बिवरण फाईल र कार्यसम्पादन मुल्याङ्कन फारम अपडेट राखि, सोको आधारमा प्रत्येक बर्ष स्वास्थ्य संयोजकको संयोजकत्वमा समिति गठन गरी प्रत्येक बर्ष निश्चित सुचाङ्कको निर्माण गरी सोहीको आधारमा र कार्यसम्पादन मुल्याङ्कन को आधारमा उत्कृष्ठ स्वास्थ्यकर्मीहरुलाई पुरस्कृत गरिने छ ।
- नगरपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीको समुचित व्यवस्थापनको लागि बृत्ति बिकास प्रणालीद्वारा ब्यवस्थित गरिनेछ ।
- स्वास्थ्यकर्मीको सेवाको निरन्तरताको लागि सेवा करार, पुल दरबन्दि जस्ता उपायहरुको अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्र कार्यरत सम्पूर्ण तह (स्थाई र अस्थाई) अनुसारको स्वास्थ्यकर्मीहरुको कार्यविवरण बनाई लागु गरिनेछ ।
- नगरपालिका भित्र कार्यरत सम्पूर्ण कर्मचारीहरुले प्रत्येक महिना मासिक कार्ययोजना बनाई सम्बन्धित स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको मासिक बैठकबाट प्रमाणित गरी सोहि अनुसार मासिक कार्य गर्नेछन् र मासिक कार्यको प्रतिवेदन पनि सोहि प्रकृयाबाट प्रमाणित गरी नगरपालिकाको स्वास्थ्य शाखामा पेश गरे पश्चात मात्र नगरपालिकाको स्वास्थ्य शाखाले तलब भुक्तानीको प्रकृया अगाडी बढाउनेछ ।

**७. "स्वास्थ्य अनुसन्धान" लाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाको नीति, रणनीति र योजना बिकास गर्नका लागी प्रभावकारी रुपमा उपयोग गरिनेछ ।**

- यस नगरपालिकामा स्वास्थ्य सम्बन्धि अनुसन्धान गर्न विभिन्न अनुसन्धानकर्ता, संघ संस्थाहरु, स्वास्थ्य अनुसन्धान केन्द्र तथा तथा विश्वविद्यालयसँग समन्वय गरिनेछ ।
- बुढीनन्दा नगरपालिकामा अनुसन्धान गर्न आउनुहुने अनुसन्धान कर्तासँग समन्वयात्मक कार्यगरी अनुशन्धानबाट आएका ज्ञान सिपको प्रयोग योजना निर्माण तथा कार्यान्वयनमा रुपान्तरण गर्ने ।
- नगरपालिकाको आर्युवेद तथा बैकल्पिक चिकित्सा सेवालाई विस्तार र विकास गरी गुणस्तरीय सेवाको सुनिश्चितता गरिने छ ।
- आर्युवेद स्वास्थ्य सेवाको लागि आवश्यकता र औचित्यका आधारमा विभिन्न स्थानमा जडिबुटिको व्यवसायिक खेती, सङ्कलन एबम् भण्डारणमा नीजि क्षेत्रलाई सहभागी गराईनेछ ।
- नगरपालिकामा बैकल्पिक चिकित्सा पद्धतिलाई एकद्वार प्रणालीमार्फत सेवा प्रवाह गरिने छ ।

**नीति ८. गुणस्तरीय, सर्वसुलभ औषधि उपकरणमा सर्वसाधरणको सहज पहुँच बनाउने तथा स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको उपयोगलाई प्रोत्साहित गरिनेछ ।**

- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय औषधी वितरण हुने व्यवस्था मिलाइनेछ । औषधिको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन र नियमन गरिनेछ। यस कार्य गर्नका लागी नगरपालिकाले प्राबिधिक, कानुनका जानकार, आवश्यकता अनुसारको समिती गठन गरी जिम्मेबारी दिने व्यवस्था मिलाउने छ ।
- स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सुची तयार गरि औषधि उपकरण खरिद गर्दा नगरपालिका, स्वास्थ्य संस्था वा वडाले खरिद गर्ने औषधिको छुट्टा छुट्टै सुची तयार गरी ब्यवहारमा ल्याइनेछ । औषधी खरिद गर्दा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले स्थानिय स्वास्थ्य संस्थाबाट माग गरिए बमोजिम र बैज्ञानिक पद्धतीलाई आधार बनाएर सामाजिक बिकास समितिमा सिफारिस गर्नेछ र सोहि सिफारिसको आधारमा कार्यपालिकाले निर्णय गरि नगरपालिका स्तरीय "औषधि तथा उपकरण खरिद समिती" गठन गरी औषधि तथा उपकरणहरु खरिद गर्नेछ ।
- दुर्गम वस्तीहरुमा सुलभ औषधी पसल बिस्तार गर्न निश्चित कार्यबिधि बनाई प्रोत्साहिन गरिनेछ र स्वास्थ्य संस्थाहरुमा अस्पतालको फार्मेसी थप व्यवस्थित गरी नसर्ने रोगको औषधीहरुलाई थप गरिदै लगिने छ ।

- प्रतिकारात्मक संभार, बिक्रि उपरान्त संभार आदी सिद्धान्तलाई व्यवहारिक रुपमा लागु गरिनेछ । उपकरणहरुको मर्मत तथा सम्भारका लागि प्रादेशिक, संघ, दातृ निकाय र नीजी निकायसँग समन्वय गरिनेछ र नयाँ प्रबिधि तथा उपकरणहरुको खरिद, प्रयोग तथा आत्मसाथ गर्दै प्रबिधिमैत्री नगरपालिका घोषणा गरिनेछ । नगरपालिकालाई प्रबिधिमैत्री बनाउन भएका जनशक्तिहरुलाई तालिमको व्यवस्था र अन्य आवश्यक जनशक्तिहरुलाई करार वा लोकसेवा मार्फत पदपूर्ति गरिनेछ ।
- प्रशुति सेवाका लागी चाहिने अति आवश्यक औषधिहरु (Oxytocin, Gentamicine, Magnesium Sulphate, Amoxicilline, Nefidepine, Calcium Gulcanate, Hydrocotizone, Metharzine, Egrometrine) र अति आवश्यक उपकरणहरु (Standard Delivery Set, Newborn Resucitation Corner, Heater, Baby Warmer, Blankets, IP Materials, Gofgf] झोला सेट, Perilight, Epi-set, Suturing Set, Condom temponade set, नाभि मल्हम) को शुन्य मौज्जात कहिले हुन दिईने छैन ।
- नेपाल सरकारबाट प्राप्त निःशुल्क औषधिहरु र अत्यावश्यक आधारभुत औषधीहरु (पुर्नजलिय झोल, कोट्रिम, आईरन, भिटामिन ए) र अत्यावश्यक आधारभुत परिवार नियोजनका सामाग्रीहरु (कण्डम, पिल्स र डिपो) को शुन्य मौज्दात कहिले हुन दिईने छैन ।

**नीति ९. स्वास्थ्य सूचना प्रणाली र सुक्ष्म अनुसन्धानलाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई नगरपालिकाको योजना, नीति, रणनीति विकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।**

- प्रकोपको सूचना र जानकारी आउने वित्तिकै सो को तुरुन्तै रेस्पोन्स गर्ने तथा प्रदेश सरकार र संघीय सरकारलाई सम्बन्धित मन्त्रालयहरु मर्फत जानकारी गराई अवस्थालाई जटिलरुप लिन अघिनै नियन्त्रणमा लिन पहल गरिने छ ।
- आवधिक रुपमा यस नगरपालिका भित्रका स्वास्थ्य सम्बन्धि सूचना व्यवस्थित गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी वा अनुसन्धानकर्तालाई कार्यक्रमको आयोजना गरि प्रोत्साहित एवं प्रवर्धन गर्न उत्कृष्ट अनुसन्धानकर्ता, एवं संस्थालाई पुरस्कृत गरिनेछ ।
- नगरपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा पृष्ठपोषण तथा राष्ट्रिय प्रतिबद्धतालाई नगरपालिकाको स्वास्थ्य योजनामा समावेश गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको एकीकृत स्वास्थ्य सुचना प्रणालीमा सूचनाको शुद्धता, समय बद्धता र पूर्णतामा निगरानी गरि गुणस्तरीय बनाइनेछ । स्वास्थ्यका सुचनाहरुलाई आधार बनाएर प्रत्येक बर्ष नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले "नगरपालिका स्तरीय स्वास्थ्यको प्रोफाईल" तयार गरी सोहिको आधारमा नगरपालिकाको स्वास्थ्य योजना तर्जुमा तथा निर्माण गर्नेछ ।
- नगरपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट (Internet) को पहुँच बिस्तार गरि स्वास्थ्य संस्थाहरुबाट नै अनलाइन प्रतिवेदज (Online reporting) लाई बिस्तार तथा नियमित गरिनेछ ।
- नगरपालिकाको स्वास्थ्य शाखा र सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट एकै सफ्टवेयरको माध्यमबाट बिरामी जाँच्ने, रिपोट गर्ने र सम्पूर्ण औषधी उपकरणहरु माग गर्ने आदी व्यवस्था मिलाईनेछ र आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ ।

**नीति १०. नगरपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग (अति बिपन्न, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोर किशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईते) को स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।**

- नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु र भौतिक पूर्वाधारहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन् । समुदायस्तरमा जेष्ठ नागरिक नमूना दिवा सेवा केन्द्र स्थापना एवं विस्तार गरिने छ । जेष्ठ नागरिक, अति अपाङ्ग, अति असक्त, गर्भ जाँच (प्रोटोकल अनुसार तेस्रो र चौथो) र सुत्केरी जाँच (प्रोटोकल अनुसार दोस्रो र तेस्रो) सेवा र परामर्श स्वास्थ्यकर्मीहरुले घरमै गएर दिने व्यवस्था गरिनेछ ।
- नगरपालिकाका शत प्रतिशत नगरवासीलाई स्वास्थ्य विमा कार्यक्रममा सुचिकृत गरिने छ र यसकालागि सम्पूर्ण लक्षित वर्गलाई अनिवार्य स्वास्थ्य विमा गर्न सम्पूण स्वास्थ्यकर्मी तथा विमा कार्यक्रममा कार्यरत कर्मचारी परिचालित गरिने छ । नगरपालिकाका दलित, जनजाति, हलिया, खलिया, अल्पसंख्यकहरुलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गर्न विशेष अभियान चलाउन रकमको व्यवस्थापन गरिनेछ ।
- छाउपडी, कम उमेरमा बिवाह गर्ने र कम उमेर मै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा प्रतिकुल असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपस्थितिमा निरन्तरता दिन बिद्यालयबाट नै निःशुल्क स्यानेटरी प्याड उपलब्ध गराइनेछ ।
- अपांङ्ग तथा असक्तहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांङ्गमैत्री हुनेछन् । प्रशामक (प्यालियटिभ) स्वास्थ्य सेवाको पनि क्रमशः शुरुवात तथा बिस्तार गरिनेछ ।
- प्रेषण प्रणाली प्रभावकारी गरिने छ र सहजीकरण गरिने छ । दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको आवश्यकता अनुसार जिल्लाका सरकारी निकायहरुसंग सहजिकरण गरि प्रेषणको व्यवस्था गरिनेछ ।
- लैंगिक हिंसामा परेका, बेवारिसे, जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी, सरकारी र गैर सरकारी सहकार्यमा नगरपालिका स्तरीय पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुदृढीकरण एवं विस्तार गरिने छ ।
- नगर अस्पतालमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी व्यवस्थापन गरिनेछ ।

**नीति ११. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तर  सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।**

- निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आर्युवेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड, निर्देशिका बनाई सोही अनुसार दर्ता गर्ने, संचालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाईने छ ।
- एक जना जनस्वास्थ्य निरिक्षकको व्यवस्था गरी वातावरणीय सरसफाइ, सुर्ति जन्य तथा मदिराजन्य पदार्थ नियन्त्रण, खाद्य स्वच्छता, औषधीको समुचित प्रयोग, समुचित उपचारको नियमन गर्ने र मापदण्ड नपुगेकालाई कार्वाही गर्ने व्यवस्था गरिने छ ।
- नगरपालिका भरिका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।
- नगरपालिकामा प्राज्ञिक, पेशागत तथा व्यवसायिक संघ संस्थाहरु सञ्चालन सम्वन्धी बनेका ऐन, निति, नियम, नगरपालिका, प्रादेशिक तथा राष्ट्रिय नियम र मापदण्ड अनुसार दर्ता, नवीकरण, सञ्चालन, अनुगमन र नियमन गरिनेछ ।
- सबै तहका स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ ।

**नीति १२. सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रभावबारी रुपमा परिचालन गरिने छ ।**

- संघिय सरकारले तोके बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने व्यवस्था मिलाइनेछ । नगरपालिकाले तोकेको स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरहरुबाट २४ घण्टा आकस्मिक स्वास्थ्य सेवा प्रवाह हुनेछ ।
- नगरपालिका भित्र सरकारी, निजी, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स एवं सब बाहन सेवालाई संघिय निर्देशिका एवं मापदण्ड अनुसार व्यवस्थित तरिकाले संञ्चालन गर्ने व्यवस्था मिलाईने छ । यसको उपलब्धता बढाउदै लगिनुका साथै शुल्क निर्धारण, संञ्चालन तथा व्यवस्थापन नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले नियमन गर्नेछ ।
- नगरपालिकाको आपतकालीन स्वास्थ्य पूर्वतयारी योजना बनाईनेछ र नगरपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीलाई जगेडा ( Buffer Stock) को रूपमा राखिनेछ ।
- प्राकृतिक प्रकोप, महामारी र दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्न तत्काल नगरपालिका स्तरीय प्राकृतिक प्रकोप तथा महामारी नियन्त्रण समिति गठन गरि उक्त समिती मार्फत आवश्यक कार्य गराईनेछ । आकस्मिक स्वास्थ्य परिचालन केन्द्र (HEOC) / Early Warning Reporting System (EWARS) लाई पनि प्रभावकारी बनाईने छ ।
- दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका (सुत्केरी ब्यथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकार र संघीय सरकार तथा तीनका निकायसँग कार्यगत समन्वय गरि छिटो र छरितो सेवाको सुनिश्चित गर्न आवश्यक कार्य गरिनेछ ।
- संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न हाल सञ्चालित क्षयरोग, कुष्ठरोग, एचआइभी एड्स, कीटजन्यरोग, जनावरबाट सर्ने रोग सम्बन्धी कार्यक्रम कार्यान्विनयनको लागी स्थानीय निकायको समन्वयमा अनुगमन गरी सोको प्रभावकारी रुपमा सञ्चालन गरिने छ र आवश्यकता अनुसार परिमार्जित गरिने छ ।
- संघीय तथा प्रदेश स्तरीय फोहोरको व्यवस्थापन तथा बिसर्जन सम्बन्धि मापदण्डलाई नगरपालिका स्तरका स्वास्थ्य संस्थाहरुमा प्रभावकारी रुपमा लागू गरिनेछ ।

**नीति १३. स्वास्थ्य क्षेत्रमा यस नगरपालिकाले लगानी अभिबृद्धि गर्दै संघीय सरकार सुदुर पश्चिम प्रदेश सरकार, निजी तथा दातृ निकाय लगायत अन्य लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।**

- औषधीको समुचित व्यवस्थापन र वितरणका लागि नगरपालिका स्तरीय औषधी भण्डारणको व्यवस्था गरिनेछ । सो औषधी भण्डारण नगरपालिकाको स्वास्थ्य शाखा र नगरपालिका स्तरीय स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितीको मातहतमा रहने छ ।
- राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमलाई नगरपालिका भरि प्रबर्धन एवं विस्तार गरिने छ र सो कार्यक्रमको निगरानी नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा रिपोर्टिङ गर्नेछ ।
- नगरपालिकाको कुल बजेट (श्रोत बाँडफाड)को कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गर्ने साथै सो बजेट क्रमश बृद्धि गर्दै लगिनेछ । उक्त छुट्टाईएको रकमबाट स्वास्थ्यको प्रबर्धनात्मक, स्वास्थ्य शिक्षा, सुचना तथा सञ्चारको क्षेत्रहरुमा ६० प्रतिशत खर्च गर्नैपर्ने गरी कार्यक्रमहरु अघि बढाईनेछ ।
- अति गरिव, असहाय, द्वन्द पीडित, दलित, हलिया, खलिया, जनजाती तथा अन्य लोपोन्मुख जातीलाई नगरपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गर्नेछ । माथि उल्लेखित लक्षित समुदायलाई बिशेष स्वास्थ्य कार्यक्रम गरी पहुँच बृद्धि गरिनेछ । साथै त्यस्ता समुदायलाई स्वास्थ्य बीमामा समावेश गर्न नगरपालिकास्तरबाट समन्वय गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिका भित्र सञ्चालन हुने र भईरहेको गैर सरकारी तथा निजि क्षेत्र बीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन तथा नियमन नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा प्रतिवेदन गर्नेछ ।

**निति १४. जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रेषण सेवाको बिकास तथा बिस्तार गरिने छ ।**

- नगरपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ र सो को नियमन नगरपालिका स्तरीय स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा प्रतिवेदन गर्नेछ ।
- समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण, निगरानी र नियमन नगरपालिका स्तरीय स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितीले गरी सामाजिक बिकास शाखामा प्रतिवेदन गर्नेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन र पैरवी गरिने छ । यसका निगरानी र नियमन स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीले गरी नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीमा प्रतिवेदन गर्नेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी दुर्गम वस्तीहरुमा श्वास प्रश्वास रोगको कारक मानिएको घरभित्र हुने धुँवा (Indoor pollution) नियन्त्रण गर्न सफा चुलो अभियान संचालन गरिने छ । यसको सम्पूर्ण कार्य स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खुला दिशामुक्त नगरपालिकाबाट पूर्णरुपमा स्वच्छ सफा नगरपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ । यसको सम्पूर्ण कार्य स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- नगरपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन जिल्ला स्थित सरकारी, गैर सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी स्वास्थ्य सचेतना सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- बार्षिक रुपमा यस नगरपालिका भित्रका क्षेत्रहरुमा जिल्ला स्थित सरकारी, गैर सरकारी तथा निजी सबै क्षेत्रहरुसंग समन्वय गरी बृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । यसको सम्पूर्ण कार्य नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

**निति १५. स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।**

- स्वास्थ्य सेवा प्रदायक व्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित संघिय कानुनी व्यवस्थालाई नगरपालिका भरी प्रभावकारी रुपमा लागू गरिनेछ ।
- स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित र आवश्यक परेमा दण्डीत गरिने छ । स्वास्थ्यकर्मीलाई आफ्नो काम, कर्तब्य प्रति जवाफदेही बनाईने छ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य सुशासन कायम गर्नको लागी सबै स्वास्थ्य संस्थाहरुले सामाजिक परिक्षण, लेखा परिक्षण, नागरिक बडापत्र, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिती, गुणस्तर सुधार टोली, सेवाग्राही सन्तुष्टि फारम भर्न बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यबस्था गरिनेछ । स्वास्थ्य सेवा र व्यवस्थापन सम्बन्धी सुझाव र गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ । यस किसिमका स्वास्थ्य सुशासन कायम गर्नको लागी गरिने सबै कार्यहरुमा उपलब्ध भएका निति, ऐन, कानुन, निर्देशिका, मापदण्ड सबै स्वास्थ्य संस्थाहरुले पालना गर्ने व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्यसंग सम्बन्धित् राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्प्रेरित गरिने छ । प्रत्येक बर्ष यस नगरपालिका भित्र काम गर्ने स्वास्थ्यसंग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुले अघिल्लो आर्थिक बर्ष भित्र आउने आर्थिक बर्षको पूर्ण योजनाको (कार्यक्रम र लागत अनुमान) पूर्ण पाठ सहित यस नगरपालिकाको स्वास्थ्य शाखामा पेश गनुपर्नेछ र स्वास्थ्य क्षेत्रमा राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुको र नगरपालिकाको स्वास्थ्य क्षेत्रमा हुने प्रक्षेपित योजना नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले एकिकृत गरि सम्पूर्ण स्वास्थ्य क्षेत्रको समयसिमा सहितको योजना र कार्यक्रमको भित्तेपात्रो (Calendar of Operation) निर्माण गर्ने व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका समुदायको विशिष्ट संस्कृती संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यको एक मौलिक हकको रुपमा अधिकार प्रयोग भएको सुनिश्चितता गरिनेछ । यस नगरपालिकाले समुदायको विशिष्ट संस्कृती र सामाजिक संस्कारलाई आत्मसाथ गर्दै स्वास्थ्य सेवा प्रबर्धन गरिनेछ ।
- नगरपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार र सेवा सम्बन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

- नगरपालिका भित्रका किशोरीहरुको हुने बालबिवाहलाई निरुत्साहित गरिनेछ । यस कार्यका लागी प्रदेश सरकारसँग मिलेर एक बालिका एक बैक खाता संञ्चालन गरिनेछ । "बिहाबारी २० बर्ष पारी" लाई प्रोत्साहन गरिनेछ । यसको सम्पूर्ण कार्य वडा स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ । यस अभियानका लागी सम्पूर्ण जनप्रतिनिधि, सम्बन्धित् सरोकारबालालाई साथ सहयोगको आवहान गरिनेछ ।

**नीति १६. नगरपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ्यवर्द्धक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) पोषिला खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिनेछ ।**

- खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा बजारिया प्याकेजिङ्गवाला तयारी खाना लाई निरुत्साहित गर्न जनचेतना जगाउने कार्यक्रमहरु स्वास्थ्यको बार्षिक योजनामा समावेश गरी नियमित रुपमा सञ्चालन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ । यसको लागी जिल्ला स्थित कृषि कार्यालय, नगरपालिकाको कृषि शाखा र अन्य सरोकारबालाहरुसंग आवश्यक परामर्श, छलफल, पैरवी र संयोजन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- बाल बालिकालाई पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पदार्थ उत्पादनका लागि जिल्ला स्थित कार्यालयहरु, नगरपालिकाका सेवा शाखाहरु र अन्य सरोकारबालाहरुसंग आवश्यक परामर्श, छलफल, पैरवी र संयोजन गरि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ । यसको सम्पूर्ण कार्य नगरपालिका स्तरीय स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितीले संयोजन गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान/व्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ । यसको लागी जिल्ला स्थित कृषि कार्यालय, नगरपालिकाको कृषि शाखा र अन्य सरोकारबालाहरुसंग आवश्यक परामर्श, छलफल, पैरवी र संयोजन गरिनेछ । यसको सम्पूर्ण कार्य वडामा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- बहु क्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रमहरु स्वास्थ्यको बार्षिक कार्यक्रममा विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरि अति कुपोषित बालबालिकाहरुलाई उपचारको व्यवस्था मिलाईनेछ ।
- वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । कुनै पनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ । यस किसिमको कार्यको निगरानी नगरपालिका आफैले एक "पालिका स्तरीय खाद्य पदार्थ गुणस्तर निर्धारण समिति" निर्माण गरि सो को निगरानी गर्नेछ र संघिय कानुन बमोजिम कामकारबाही गर्नेछ ।
- नगरपालिका भित्रका सम्पूर्ण दुईबर्ष मूनिका बालबालिकाको सबै स्वास्थ्य संस्थाहरुबाट नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्षमूनीका बच्चाका आमाहरुको पोषणको स्थीति सुधार गरिनेछ । सो कार्यका लागी सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी कोशेली कार्यक्रम लागू गरिने छ तथा आवश्यक सम्पूर्ण औषधि, औजार तथा उपकरणहरु र जनशक्तिको व्यवस्थापन नगरपालिका आफैले गर्नेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य सेवा संञ्चालन तथा व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।

**नीति. १७. जनसंख्या व्यवस्थापनलाई नगरपालिका बिकासको मुल खम्बाको रुपमा संस्थागत गर्ने ।**

- नगरपालिका भित्र जन्म, मृत्यु, बसाईसराई जस्ता व्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित गरिनेछ । यस कार्यमा प्रत्येक गर्भबतीले प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच, परामर्श, २२५ आईरन चक्की र क्याल्सियम, ९० चक्की फोलिक एसिड, जुकाको औषधी र टिडी खोप, स्वास्थ्य संस्थामा नै दक्ष प्रशुतीकर्मी मार्फत सुत्केरी सेवा, प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच, बच्चालाई ६ महिनासम्म आमाको दुधमात्र खुवाउने, बच्चाले पाउने सम्पूर्ण खोप सेवा, बच्चालाई २ बर्षसम्म बृद्दि अनुगमन, आमाको दुध र थप पोषिलो खानेकुरा आदी सम्पूर्ण कार्यहरुको सुनिश्चित गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- बिकासका योजना तर्जुमा गर्दा र कार्यक्रम निर्माण गर्दा जनसंख्या सम्बन्धित सूचनालाई प्रमुख आधारको रुपमा उपयोग गरिनेछ ।
- हरेक बालबालिकाको अनिवार्य जन्मदर्ता समयमै (३५ दिन भित्र) गर्ने गराउने व्यवस्था गरि ५ बर्ष सम्म पोषण भत्ता प्रदान गर्दा र नियमित बृद्धि अनुगमन गर्दा जानकारी अद्यावधि गरिने छ ।

- समुदायस्तरमा भएको हरेक नवजात शिशु एवं मातृमृत्युको कारण पहिचान गर्न मृत्युपश्चात गरिने भर्बल अटप्सि विधिलाई व्यवस्थित गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीको सहयोग तथा सहकार्यमा गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- मौसमी बसाई सराई, श्रम बसाई सराई, तीर्थ यात्रा गर्दा एवं जडिबुटी सङ्कलनको समयमा आधारभूत स्वास्थ्य सेवा, घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत स्वास्थ्यकर्मीहरुद्वारा प्रदान गरिने व्यवस्था गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकीय कार्य वडास्थित स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- वडा समितिहरुसँग समन्वय गरि दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान गर्ने, एकिकृत बस्ती विकासको लागि अध्ययन एवं पैरबी गर्नुका साथै वस्ती विकास योजना तर्जुमा गरी संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय र सहयोगमा वस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न जोड दिइनेछ। प्रत्येक बस्तीहरुबाट परिवार नियोजनका साधन प्रयोगकर्तादर बृद्धि गर्न चाहना हुदाँहुदै पनि परिवार नियोजनका साधन प्रयोग गर्न नपाएका दम्पतीहरुको पहिचान गरी सो बाधाहरुको पहिचान गरि योजना बनाई शिध्र समाधान गर्ने व्यवस्था गरिनेछ । जिल्ला स्थित अन्य सरोकारबाला र गैर सरकारी संस्थाहरुसंग समन्वय गरेर त्यस्ता बस्तिहरुमा आवश्यकता अनुसार परिवार नियोजनको शिविर संञ्चालन गरिनेछ। यसको सम्पूर्ण व्यवस्थापकीय कार्य वडामा स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- स्वस्थ्य, सुखी परिवार बनाउन वडा समिति तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहकार्यमा ब्यवस्थित परिवार एवं परिवार नियोजन सम्बन्धि कार्यक्रमहरु बार्षिक योजनामा समावेश गरि संचालन गरिनेछ ।
- स्वास्थ्यमा दिगो विकास  लक्ष्य हासिल गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नुका साथै  बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ ।

**नीति १८. विविध**

- सामुदायिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नयाँ लिईने महिला स्वास्थ्य स्वंय सेबिकाहरुको कम्तीमा शैक्षिक योग्यता एस. एल. सी वा एस. ई. ई. उर्तिण भएकालाई छनौट गरी आधारभुत तालिमको व्यवस्था गरीने छ भने अतिरिक्त पेशा व्यवसाय गरेकाहरुलाई प्रोत्साहित गरिने छैन ।
- नगरपालिकामा नियमित औषधि तथा उपकरण आपूर्तिका लागि आफ्नै छुट्टै स्टोरको व्यवस्थापन गरी संघ र प्रदेशबाट आपूर्ति भएका  सामाग्री तथा स्थानीय स्तरमै खरिद भएका औषधिको भण्डारण तथा व्यवस्थापन गरी सिधै स्वास्थ्य संस्थामा पठाउने व्यवस्था गरिने छ ।
- यस नितिमा रहेका व्यवस्थाहरु कार्यान्वयन गर्न विद्यमान नीतिहरु र नयाँ बन्ने त्यस्ता नीतिहरु सहयोगी र परिपूरक हुनेछन् ।
- सेवाग्राही जनतालाई उचित गुणस्तरको, यथेष्ठ, उपयुक्त र स्वास्थ्य सेवा छिटो छरितो उपलब्ध होस् भन्ने ध्येयले निजी, व्यापारीक समुदाय, सहकारी, सामुदायिक तथा बिकासका साझेदार संस्थाहरु र नाफा नकमाउने सेवा प्रदायकहरुसँग साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
- दुर्गम स्थानका गाँउघर क्लिनिक तथा खोप क्लिनिकहरुमा आवश्यक भौतिक पूवाधार सहित व्यवस्था गरि पुर्नजाग्रित तथ सञ्चालन गरिनेछ ।
- नगरपालिकामा खोप भण्डारण तथा वितरणको लागि आफ्नै कोल्डचेन तथा स्थानीय स्तरमा ढुवानीको लागि मोटरसाइकल वा अन्य उपयुक्त यातायातको साधन व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापनको लागि समिति र स्वास्थ्य आमा समुहलाई थप सक्षम बनाउन उनिहरुलाई तालिम, गोष्ठि तथा रचनात्मक कृयाकलापहरुमा समावेस गरिनेछ ।
- सुनौला हजार दिनको आमाहरुलाई बिशेष प्राथमिकतामा राखि उनिहरुको र बच्चाको पोषणको अवस्थामा सुधार ल्याईनेछ ।
- घरमा प्रशुती हुनेको संख्या शुन्यमा झार्नको लागि घरदैलो तथा सामुदायिक नर्स अनि रोमिङ  अनमी जस्ता बिशेष कार्यक्रमहरु बनाई लागु गरिनेछ ।

**८. संस्थागत व्यवस्थाः**

८.१. नीति कार्यान्वयनका लागि नगरपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन । त्यस्तै बिशिर्षटिकृत स्वास्थ्य सेवा प्रदान गर्नाका लागि नगरपालिका भित्र रहेको स्वास्थ्य सेवा कार्यालयको सहकार्यमा सेवा प्रवाह स्थापना गरिनेछ ।

८.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा आयोग, स्वास्थ्य प्रतिष्ठान, मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसंग क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला  सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्रलाई भौतिक पूर्वाधार व्यवस्थापन गरि प्रवाभकारी स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

**९. वित्तीय स्रोतः**

यस नीतिको कार्यान्वयन मूलतः नगरपालिकाको सामाजिक विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न यस नगरपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र सुदुरपश्चिम प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल

गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु, र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत साधनको व्यवस्थापन गर्न पहल गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकीय कार्य वडामा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ । यसको सम्पूर्ण व्यवस्थापकिय कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिकामा नगरपालिका स्तरीय स्वास्थ्य व्यवस्थापन समितीले गर्ने गरी व्यवस्थापन गरिनेछ साथै प्रत्येक आर्थिक वर्षमा स्वास्थ्यको बजेटमा १० % का दरले बृद्धि गर्दै लगिनेछ ।

### १०. अनुगमन तथा मूल्याङ्कनः

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूयाङ्कन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवं अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

### ११. नीति कार्यान्वयनको कार्ययोजनाः

यस नीतिको कार्यान्वयनका लागि यसै नगरपालिका स्तरीय स्वास्थ्य तथा सरसफाई ऐनको पालना गरिनेछ । स्वास्थ्यसँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अर्न्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाईने छ । यही कार्ययोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण र कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ । यस सम्बन्धि कार्य वडामा स्वास्थ्य संस्था स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीले र नगरपालिका स्तरीय स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन समितीले गर्ने र सामाजिक बिकास समितिमा प्रतिवेदन गर्ने र सामाजिक बिकास समितिले आवश्यकता अनुसार परिमार्जन गरी कार्यपालिकामा पेश गर्नेछ । कार्यपालिकाले निति तथा कार्यक्रम बिश्लेषण गरि सोको व्यवस्थापन गर्नेछ ।

### १२. जोखिम

राज्यको पुनःसंरचनाको प्रारम्भिक सिकाइको चरण, बढ्दो जनआकांक्षा, नगरपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोत, प्राथमिकतामा स्वास्थ्य क्षेत्र, समग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन । यद्यपी उल्लेखित जोखिमको बाबजुद नगरवासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयार गर्न यस स्वास्थ्य नीति २०८१ को प्रभावकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।

### १३. खारेजी

यस स्वास्थ्य नीतिलाई केहि समयपछि समिक्षा गरिनेछ र आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ, यसरी परिमार्जित स्वास्थ्य नीति बनि लागु भएको अवस्थामा, यो नीति नयाँ परिमार्जित नीति लागु भएको मितीबाट यो नीति खारेज हुनेछ ।